शिक्षित नागरिक, स्वस्थ परिवार । सबल, सुरक्षित, पूर्वाधार ।।

कृषि, उद्योग, उर्जा, सिंचाई । रोजगार, सूरक्षा, अबकी बार

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

बलरा नगरपालिकाको नगरसभाको

१५ औ अधिवेशनमा

नगर प्रमुख श्री रामाशंकर प्रसाद कुशवाहा ज्यू द्वारा प्रस्तुत

आ व २०८२।०८३ को

# नीति तथा कार्यक्रम

(आय-व्ययको बिबरण)

बलरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलरा सर्लाही

मधेश प्रदेश नेपाल

२०८२ साल असार ०७ गते शनिबार



Scanned with CamScanner

शिक्षित नागरिक, स्वस्थ परिवार । सबल, सुरक्षित, पूर्वाधार ।।

कृषि, उद्योग, उर्जा, सिंचाई । रोजगार, सूरक्षा, अबकी बार

बलरा नगरपालिकाको नगरसभाको

१५ औ अधिवेशनमा

नगर प्रमुख श्री रामाशंकर प्रसाद कुशवाहा ज्यू द्वारा प्रस्तुत

आ व २०८२।०८३ को

# नीति तथा कार्यक्रम

(आय-ब्ययको बिबरण)

बलरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलरा सर्लाही

मधेश प्रदेश नेपाल

२०८२ साल असार ०७ गते शनिबार

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner

# बलरा नगरपालिका

## आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

आदरणिय यस सभामा उपस्थित नगर उपप्रमुख ज्यू , प्रमुख प्रशासकिय अधिकृत ज्यू , वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य एवं पदाधिकारी ज्यूहरु, बिभिन्न समिति तथा उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, प्रमुख अतिथी ज्यू तथा विशिष्ट अतिथिज्यू , आमन्त्रित महानुभावहरु, कर्मचारी एवं नगरवासी सम्पूर्ण दाजु भाई तथा दिदि बहिनीहरु

बलरा नगरपालिकाको १५ औ नगर अधिवेसनमा उपस्थित सम्पुर्ण महानुभावजनहरुलाई यस अधिवेसनको प्रथम सत्र नीति तथा कार्यक्रम प्रस्तुतिकरण सत्रमा, म नगर प्रमुख तथा सम्पुर्ण नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

मान्यवर,

सर्वप्रथम नगरपालिकाको यस नगरसभा जस्तो महत्वपूर्ण अवसरमा देशको संघिय लोकतान्त्रिक गणतन्त्र, मधेशबाद तथा जनताको शासन जस्ता आमूल परिवर्तनका लागी विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलन, महान जनयुध्द, जन आन्दोलन, मधेस जनबिद्रोह लगायतका आन्दोलनहरुमा सहादत प्राप्त गरेका महान शहिदहरु प्रति भावपूर्ण श्रध्दान्जली अर्पण गर्दछु ।

लोकतन्त्रको संस्थागत विकास, जनताको प्रत्यक्ष सहभागितामूलक बिधिको शासन भएको ब्यवस्थामा मात्र संभव हुनेभएकोले बहुमतको शासन र अल्पमतको सम्मान जस्ता सिद्धान्तलाई समेत पछाडी छोडदै, सबैको साथ सबैको विकास जस्ता मूल मन्त्रलाई आत्मसात गर्दै लोकतान्त्रिक अभ्यासको परिणाम स्वरुप प्राप्त अवसरलाई यहाँ हरु समक्ष साझा गर्न उपस्थित भएको छुँ । यस नीति तथा कार्यक्रम माथि यहाँहरुको प्राप्त हुने अमूल्य सुझाव तथा सल्लाह हाम्रो लागि प्रेरणाका श्रोत तथा मार्गदर्शक बन्नेछ, त्यसलाई शिरोधार्य गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्न चाहन्छु ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner

- नगरपालिका भवनको विस्तारको आवश्यकतालाइ महसुस गरि पुरानो भवनको छत ढलान एवं माथिल्ले तल्ला थप्ने कार्य भएको साथै वडा स्तरमा पनि वडा कार्यालयबाट प्रदान गरिने सेवालाई गुणस्तरयुक्त एवं प्रभावकारी बनाउने कार्य भएको छ ।
- लगभग ५०० जना भन्दा बढी युवा युवतीहरुले शीप मूलक तालिम प्राप्त गरेका छन
- विद्यालयको रिक्त शिक्षकहरुको दरबन्दी पूरा भएका छन ।

आदरणिय नगरबासीहरु,

नेपालको संविधानको भाग १८ धारा २२३ मा भएको व्यवस्था अनुरुप आज हामी यो सभामा उपस्थित भएका छौ । यस सभाबाट स्वीकृत हुने बजेट, नीति तथा कार्यक्रम ऐतिहासिक, दुरगामी एवं उज्वल र समृद्ध नगर निर्माणको मार्गदर्शक हुनेछ भन्नेमा हामी यस सभाका सदस्यहरु विश्वस्त छौ । हामीले यो चरण पुरा गर्नका लागि संविधानले दिएका अधिकार, संघीय सरकार र प्रदेश सरकारबाट जारी भएका ऐन तथा कानूनहरु, नियमावली, निर्देशिका साथै हामी आफैले निर्माण गरेका ऐन नियम कार्यविधिहरुलाई अनुशरण गरेका छौं । यस संगसंगै योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनी व्यवस्था र प्रक्रियाहरुलाई अवलम्वन गर्नुको साथै यस बलरा नगरपालिकाको राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र  बजेट सिमा निर्धारण समिति लगायतका समितिहरुले बजेट निर्माणको लागि दिएको प्रतिबेदनलाई यस बजेट, नीति तथा कार्यक्रमको श्रोतको रुपमा ग्रहण गर्दै यस सहजीकरण कार्यको लागि ती समितिहरुमा रहेका सम्पुर्ण पदाधिकारी, सदस्य तथा नगरसभा सदस्यज्यूहरुले दिनु भएको परामर्श लाई आत्मसात गर्दै उहाँहरु प्रति धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

यस नगर क्षेत्रमा भएका विकासका सम्भावनाहरुलाई समेटेर समुन्नत नगरको निर्माण गर्नको लागि यस नगर सभाले तय गर्ने बजेट, नीति तथा कार्यक्रमले योगदान पुरयाउने छ भन्नेमा हामी विश्वस्त छौं । नेपाल सरकार, प्रदेश सरकार, सवै जनप्रतिनिधिहरु, समस्त कर्मचारीहरु, बुद्धिजिवि, उद्योगी एवं नगरवासीहरुको सक्रिय सहयोगमा यस नगरपालिकाले प्रस्तुत गरेको बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट अगाडी बढ्न सक्ने अपेक्षा यस नगरपालिकाले लिएको छ ।

अब म, आ.ब. २०८२।०८३ को लागि बलरा नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner

नगरसभा सदस्य ज्यूहरु,

**शिक्षा :-**

(१) विद्यालयको भौतिक पुर्वाधार तथा सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरको साथै हाम्रो ध्यान नगरको निम्न साक्षरता दर तर्फ पनि गएको छ र आगामि २ वर्ष भित्र प्रत्येक वडाका प्रत्येक टोल टोलमा रहेका अशिक्षितहरुको डाटा तैयार गरी अनौपचारिक शिक्षाको माध्यमबाट पूर्ण शिक्षित टोल पूर्ण शिक्षित वडाको रुपमा घोषणा गरिनेछ । यस कार्यमा सामुदायिक विद्यालयका शिक्षकहरुको साथै निजी विद्यालयऽ गुठी विद्यालय एवं गैरसरकारी संघ संस्था समेतलाइ परिचालन गरिने छ । यसको लागि आवश्यक बजेटको ब्यवस्थापन गरेको छु । आ व २०८२ । ०८३ मा सर्व प्रथम पुर्ण साक्षर घोषणा गर्ने वडालाइ वडाको शिक्षा क्षेत्रको विकासको लागि रु १०००००० दश लाख थप बजेट उपलब्ध गराउने छु । यसबाट न पा मा साक्षरताको दर बढाउन मद्त पुग्नेछ ।

(२) विद्यार्थीहरु लाई गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि सामुदायिक विधालयहरुमा भौतिक पूर्वाधारमा सुधार गर्ने र अनुगमन गरी आर्थिक सहयोगको निति बनाई लागु गरिने छ ।

(३) गरिब जेहेन्दार तथा दलित परिवारका छात्र छात्राहरुलाई छात्रवृत्ती उपलब्ध गराईने छ ।

(४) जनता मा वि गडहियामा विज्ञान संकायको संचालन गर्ने ब्यवस्था मिलाइने छ

(५) मा वि विद्यालयहरुमा स्मार्ट कक्षाको पूर्वाधारको ब्यवस्थापन गरि संचालनमा ल्याइनेछ ।

(६) श्री सुधा राजेश्वर मा वि छतौनामा ब्याचलरको कक्षा संचालन गर्ने ब्यवस्था मिलाइनेछ ।

(७) बलरा ६ को माठ टोलमा दलित आवाशीय छात्रावासको ब्यवस्था मिलाइनेछ ।

(८) बलरा नगरपालिका भित्र रहेका विधालयहरुमा अध्ययनरत विधार्थीहरुलाई योग्य बनाउन शिक्षकहरुलाई समेत नेपाली, विज्ञान, गणित, अंग्रेजी र सामाजिक विषयमा बिशेष तालिमको ब्यवस्था गरिने छ ।

(९) दलित, अति विपन्न, जेहेन्दार छात्र छात्राहरुलाई एम.बी.बी.एस. तथा अन्य प्राविधिक उच्च शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(१०) "एक वडा एक माध्यमिक विधालय" निर्माण गरि सञ्चालन गरिनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(११) नगरभित्र रहेका बढी विद्यार्थी भएका विद्यालयहरुमा पठनपाठनमा कठिनाई भएको हुनाले थप नगर शिक्षक पदपूर्ति गरिनेछ ।

(१२) बलरा नगरपालिकामा आधुनिक र स्तरिय पुस्तकालय तथा ई लाइब्रेरी स्थापना गरि पाठकहरुको माग र आवश्यकता अनुसार पुर्वाधारहरु थपिदै लगिने छ ।

(१३) इतिहास, भुगोल, राजनितिशास्त्र,भाषा र संस्कृत अध्ययन गर्ने तर्फ विधार्थीहरु घट्दै गएको हुदा ति विषय लिई स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विधार्थीहरुलाई निश्चित रकम तोकि छात्रवृत्तिको व्यवस्था गरिने छ । साथै उच्च शिक्षा हासिल गर्न चाहने योग्य र आर्थिक स्थिति कमजोर भएका विधार्थीलाई शैक्षिक प्रमाण-पत्र धितो लिई सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था मिलाईने छ। यसले न्युन आय भएका विधार्थीहरुले उच्च शिक्षा हासिल गर्ने अवसरबाट बंचित हुनु पर्ने छैन ।

(१४) विधालयमा कम्प्युटर शिक्षकलाई IEMIS सम्बन्धी तालिम प्रदान गरि विधालयको अभिलेख अध्यावधीक गरिने छ ।

(१५) महिनावारी उमेरका सम्पुर्ण छात्राहरुलाई निःशुल्क सेनिटेरी प्याड उपलब्ध गराईने छ तथा आइरन चक्कि र फोलिक एसिड वितरण गरिने छ ।

(१६) बालविकास कक्षा देखी ६ कक्षा सम्म सम्पुर्ण बालबालिकाहरुलाई विधालयमै दिवा खाजा खुवाउने व्यवस्था मिलाईने छ ।

(१७) बालविकास केंद्र भएका शिक्षिकाहरुलाई आधारभूत तालिम प्रदान गरिने छ ।

(१८) सम्पुर्ण शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराईने छ ।

(१९) विधालयहरुबाट ५० जना विधार्थी र शिक्षकहरुको समुहमा अध्ययन अवलोकन भ्रमण लगिने छ । अध्ययन भ्रमणको अनुभवलाई आ-आफ्नो अनुकुलतामा लागु गर्न निर्देशन दिइने छ।

(२०) सबै आधारभूत विधालय र माध्यमिक विधालयहरुमा नेट जडान तथा ब्यवस्थित गर्न प्रोत्साहन गरिने छ ।

(२१) बलरा नगरपालिका क्षेत्र भित्र FREE WIFI ZONE सहितको अस्थायी सिकाई केन्द्र स्थापना गरिने छ ।

(२२) विधालयको शैक्षिक गुणस्तर अभिबृधि गर्न विधालयका प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौत्ता गरिनेछ र प्रधानाध्यापकबाट शिक्षकको कार्य सम्पादन



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

सम्झौता गरि सम्झौत्तामा उल्लेखित अवधिको काम गर्ने उत्कृष्ट एक विधालय, एक प्रधानाध्यापक र तीन जना शिक्षकलाई पुरुस्कृत गरिने छ ।

(२३) पढ्दै कमाउदै सिप मूलक शिक्षामा जोड दिइने छ ।

(२४) नगरभित्रका केही विधालयहरुमा आधुनिक शिक्षा प्रणाली अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न व्यवस्था मिलाईनेछ ।

(२५) नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा संचालन गर्न प्रोतत्साहित गरिने छ ।

(२६) प्राथमिक कक्षामा १०० प्रतिशत भर्ना दर पुर्याइने छ ।

(२७) १०+२ कक्षा उतिर्ण गरी २० वर्ष भन्दा माथिका बिहे गर्ने छोरीहरुलाइ २५ हजार, स्नातक गरेकोलाइ ५० हजार, तर दलितको हकमा यो रकमको दोब्बर प्रोत्तसाहनको रुपमा प्रदान गरिनेछ ।

(२८) शिक्षाको गुणस्तर बृद्धी गर्न न पा ले बृहद् जिल्ला स्तरिय शैक्षिक कृयाकलापको विकास तथा प्रदर्शनको लागि मेला वा प्रदर्शनी वा प्रतियोगिता जस्ता कार्यक्रमको आयोजन गर्नेछ ।

(२९) छोरी वा कन्या शिक्षालाइ प्राथमिकतामा राखी बिभिन्न प्रबर्धनात्मक सहयोग एवं सुबिधाहरु उपलब्ध गराइनेछ र प्रत्येक छोरीहरुलाइ विद्यालयमा भर्ना हुन उत्प्रेरित गरिने छ । यसका लागि निजि क्षेत्रलाइ समेत सहभागि गराइनेछ ।

(३०) नगरपालिकामा एउटा पुस्तकालयको स्थापना र ब्यवस्थापन गरी सर्वसाधारणहरुलाइ पुस्तकालय प्रयोगको लागि उत्साहित गरिने छ ।

(३१) बाल विकासका शिक्षक शिक्षिकाहरु तथा कार्यालय सहयोगीहरुको पारिश्रमिकमा महंगी भत्ता स्वरुप रु २००० दुइ हजार लाई निरन्तरता दिईएको छ ।

<u>सूचना प्रविधी</u> :-

(१) यस नगरपालिकाको सूचनाहरु डिजिटल रुपमा अभिलेख राख्ने ब्यवस्था मिलाइनेछ ।

(२) नगरपालिकाको वेवसाईट, ईमेल र फेसबुक नियमित रुपमा रुजु र अपडेट गरिने छ ।

(३) स्थानित तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधी अनुसार ४ दिने कार्यशाला गोष्ठि आयोजना गरि LISA सफ्टवेयरमा सबै कागजपत्र प्रविष्टि गर्ने काम गरिने छ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

(४) प्रत्येक वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा फोटोकपी सहितको प्रिन्टर तथा महिला स्वास्थय स्वयसेविकाहरु र बर्थिंग सेन्टरमा काम गर्ने कर्मचारी तथा एम्बुलेन्स चालकहरुलाइ सीम सहितको मोबाइल सेट उपलब्ध गराइनेछ ।

(५) वडा कार्यालयहरु समेत सूचना प्रबिधि मैत्री बनाइनेछ र यसकोलागि आवश्यक कम्प्युटर ल्यापटप प्रिन्टर लगायतका सामाग्रीको ब्यवस्थापन गरिनेछ ।

(६) प्रत्येक वडामा डिजीटल वडा पत्र संचालनमा ल्याइ नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धि विषय सार्वजनिक गरिदै लाने छौ ।

**<u>घटना दर्ता, पन्जिकरण तथा सामाजिक सुरक्षा</u>**

(१) प्रत्येक वडामा बैंकको कर्मचारीद्वारा सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्ता वितरण गरिने व्यवस्था मिलाईनेछ ।

(२) राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको आयोजना र बलरा नगरपालिकाको समन्वय र सहजिकरणमा सबै नागरबासी को विवरण राष्ट्रिय परिचयपत्र प्रणालीमा प्रविष्टि गर्ने काम गरिनेछ ।

(३) घटना दर्ता तथा सामाजिक सुरक्षाको डिजिटाईजेशन गर्ने कार्य गरिने छ ।

(४) सबै वडामा दर्ता शिवीर संचालन गरिने छ र घटना दर्ता तथा सामाजिक सूरक्षा भत्ता बितरणा सम्बन्धि अभीमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

(५) सामाजिक सुरक्षा भत्ता इ एफ टी बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्थालाई UPDATE गरि राखिने छ ।

(६) ८० बर्ष माथि पुगेका जेष्ठ नागरिकलाई निजहरुको घरमै पुगि निरोगिता र दिर्घायुको कामना गर्दै सम्मान गर्ने, स्वास्थ्य परिक्षण गर्ने र उपचार गर्ने कार्यको थालनि गरिने छ ।

(७) ८० वर्ष माथि र पूर्ण अपांग तथा असक्त लाभग्राहीहरुलाइ बैंकको कर्मचारी द्धारा घरमै गइ सामाजिक सूरक्षा भत्ता बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(८) दुई जना एम आई एस अपरेटर र एक जना फिल्ड सहायकलाई निरन्तरता दिदै एक जना एम आइ एस अपरेटर र एक जना फिल्ड सहायकको ६ महिनाको र १ जना एम आइ एस अपरेटरको १३ महिनाको तलब भत्ताको निरन्तरता दिइनेछ ।

(९) सामाजिक सूरक्षा भत्ता इन्टरी र नविकरण गर्नको लागि आईरिस को ब्यवस्थापन गरिने छ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(१०) सामाजिक सूरक्षा भत्ता प्रत्येक वडा कार्यालयबाट बितरण गर्ने ब्यवस्था मिलाइनेछ ।

(११)नगरपालिका भित्र जम्मा ६८७९ जनालाइ सामाजिक सूरक्षा भत्ता बितरण गरिदै आएकोमा त्यसमा खर्च हुने लगभग १७१६७८०३० रकम लाइ आगामि वर्षको लागि समेत निरन्तरता दिइने छ ।

<u>संस्कृति</u> :-

(१) सांस्कृतिक सम्पदाको संरक्षणलाई पर्यटन विकाससंग जोड्ने निति लिइने छ ।

(२) धार्मिक स्थलम पर्यटन, मठ मन्दिर, मस्जित, ब्रम्ह बाबा तथा इदगाहको संरक्षणमा जोड दिदै सामाजिक एकता, सदभाव र सहिसणुता सहितको संन्तुलित नगर निर्माणमा जोड दिइने छ ।

(३) मठ मन्दीरको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

(४) सामाजिक मान्यता विचार रहन सहन भेषभूषा तथा आचार ब्यवाहार प्रति सम्मान अभिबृद्धी गर्न उपयुक्त कार्यक्रमको संचालन गरिनेछ ।

(५)शितलामाई पर्यटकिय क्षेत्रको निर्माण गरी त्यसको विकास तथा प्रबर्धन गरिने छ ।

(६) गढीमाइ मन्दीरको विकास एवं प्रबर्धनको लागि विशेष व्यवसेथा गरेको छ ।

<u>स्वास्थ्य</u> :-

(१) गर्भबती तथा सुत्केरी हुने प्रसुती सेवालाई अझ ब्यवस्थित तथा सुदृढीकरण गरी दक्षा स्वास्थयकर्मी द्धारा बर्थिंग सेन्टर तथा नगर अस्पतालमा नै सुत्केरी गराउने कार्यलाई प्रोतत्साहन गर्दै आगामि आ व मा नै घरमा गराइने सुत्केरी सेवालाई सून्यमा झार्ने लक्ष्य लिईएकोछ । साथै यसको लागि स्वास्थय संस्थामा ८ पटक गर्भ जाँच एवं सुत्केरी गराउनेलाई न पा को तर्फबाट रकम थप गरी रु ५ हजार उपलब्ध गराइने छ ।

(२) क्षय रोग तथा कुष्ठ रोग जस्ता सरुवा रोगहरु अब समाजबाट उन्मूलन हुने क्रममा रहेकोले आ व ०८२।०८३ मा क्षय रोग तथा कुष्ठ रोग मूक्त पालिका घोषणा गरिने छ । यसका लागि घर घरमा खोजी टोली परिचालन गरी रोगी पत्ता लगाइने छ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner

(३) कुपोषणको बिरुद्ध नगर प्रमुख कार्यक्रम अन्तर्गत प्रत्येक कुपोषीत बाल बालिका एवं गर्भबती तथा सुत्केरी आमाहरुको बिबरण तैयार गरी पोषण युक्त खाद्य सामाग्री नियमित रुपमा उपलब्ध गराई कुपोषण मुक्त तथा पोषण मैत्री नगरपालिकाको रुपमा विकसित गरिने छ ।

(४) **ज्येष्ठ नागरिकको स्वास्थय नगर प्रमुखको सरोकार** कार्यक्रम सचालनमा ल्याइनेछ र यस अन्तर्गत महिनाको कम्तिमा एक पटक स्वास्थ्यकर्मिहरु प्रत्येक ज्येष्ठ नागरिकको घरमा गई स्वास्थ्य परीक्षण गर्ने छन र निजहरुको आवश्यकताको आधारमा औषधि उपचारको ब्यवस्था गर्नेछन । यसमा लाग्ने सम्पुर्ण खर्चको ब्यवस्थापन नगरपालिकाले गर्नेछन ।

(५) बलरा नगरपालिकाले आफ्नो 11 वटा स्वास्थ्य्यःमार्फत विरामिहरुको उपचार गर्दै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउन वडा वडामा स्वास्थ्य सिविरहरु संचालन गरिने छ ।

(६) बलरा नगरपालिका वडा नं ९ मा अवस्थित नगर अस्पताल अचलगढमा एन्टी रेबिज भैक्सीन – कुकुरले टोकेको भैक्सीन लगाउने कार्य लगभग २ वर्ष देखी संचालनमा रहेकोमा यस आ व देखि एन्टी स्नेक भेनम सर्प दँश उपचार भैक्सीन लगाउने केन्द्रको रुपमा समेत स्थापित गरिनेछ ।

(७) नगर क्षेत्र भित्रका प्रत्येक परिवारलाई स्वास्थय बिमा सित जोडिने छ र दलित तथा विपन्न परिवारको पहिलो प्रिमियममा लागने सम्पुर्ण रकम नगरपालिकाले बयोहेर्ने छ साथै नगर अस्पताललाइ विमोत ब्यक्तीहरुको उपचार केन्द्रको प्रथम बिन्दुको रुपमा विकसीत गरिने छ ।

(८) किशोर किशोरीहरुलाइ आयरन चक्की बितरण कार्यक्रमलाइ प्राथमिकतामा राखिने छन । प्रत्येक विधार्थीको स्वास्थय परीक्षण गर्ने, पोषणको नाप जाँच तथा जुकाको औषधि खुवाउने व्यवस्थालाइ निरन्तरता दिईनेछ ।

(९) नगरवासीहरुको आकस्मिक सेवाको लागि सुबिधा सम्पन्न अस्पतालमा प्रेषण गर्दा समयमा सुरक्षित तरिकाले पुर्याउनको लागि आधुनिक सेवा सुविधा सम्पन्न एम्बुलेन्स खरिद गरि संचालनमा ल्याइक्नेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(१०) क्यान्सर, मृगौला प्रत्यारोपण, मुटुको शल्यकृया, पार्किन्सनस र स्पाइनल इन्जुरी जस्ता कडा रोग लागेका नगरबासीलाई नगरपालिकाको तर्फबाट प्रति व्यक्ति रु १,००००० ( एक लाख मात्र) का दरले उपचार सहयोगकोलागि सम्बन्धित अस्पतालमा सिफारिस गर्ने र अस्पतालबाट सो रकम बराबरको उपचार खर्चमा छुट प्रदान गरिने ब्यवस्थालाइ निरन्तरता दिइनेछ ।

(११) नगरपालिका अन्तर्गतका स्वास्थ्य संसथाबाट बितरण गरिने निःशुल्क औषाधी कार्यक्रमलाई टेन्डर प्रक्रियाको माध्यमबाट खरिद गरि औषधि उपलब्ध गराईनेछ

(१२) ११ वटै वडामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन स्वरुप न पा वाट दिदै आएको रु ५०० को भत्तालाइ दोब्बर गरी उपलब्ध गराइनेछ ।

(१३) कडा रोग लागेका विपन्न नागरिकलाई औषघी उपचारमा सहायताको लागि अस्पतालहरुमा सिफारिस गरिने छ ।

(१४) नि:शूल्क स्वास्थ्य परीक्षण घरघरमैगई विशेष गरी ७० वर्ष भन्दा माथिका नगरका ज्येष्ठ नागरिकहरुलाई वार्षिक घरदैलोमा चेक जाच गरि वार्षिक रु २००० (दुई हजार) को पोषण खर्च दिईनेछ

(१५) आमा समूहको बैठक नियमित रुपमा संचालन गर्ने खाजा भत्ता तथा स्वास्थकर्मिको लागि यातायात खर्चको लागि बजेट बिनियोजन गरिने छ।

(१६) प्रत्येक स्वास्थय संस्थालाइ कार्यालय संचालन खर्च एवं इन्चार्जहरुको लागि ईन्धन खर्च बापत समेत गरि वार्षिक रुपमा ३५ हजारको दरलें उपलब्ध गराइनेछ । यसरी नगर अस्पताललाइ वार्षिक रु १५०००० एक लाख पचास हजार साथै नगरपालिका स्थित स्वास्थ शाखालाइ समेत कार्यालय संचालन ब्यवस्थापन लगायतको कार्यको लागि बजेट बिनियोजन गरिएकोछ ।

(१७) प्रत्येक स्वास्थय संस्थामा खानेपानी तथा शौचालयको ब्यवस्थापन गरिनेछ ।

(१८) "एक घर एक हैण्डपाईप" कार्यक्रम अन्तर्गत मांग र श्रोतको उपलब्धतालाई ध्यान दिंदै खानेपानीको पहुँच विस्तार गरिनेछ ।

(१९) प्रत्येक टोलमा सुद्ध तथा गुणस्तरिय खानेपानीको लागि डीप बोरीगको ब्यवसथापन गरिनेछ ।

<u>खानेपानी सरसफाई तथा पुर्वाधार विकास निर्माण</u> :-

(१) नगरको सुन्दरता बढाउनको लागि विशेष सरसफाईमा सुधार गरिनेछ । बाहिरी दिशा पिसाब मुक्त पालिका घोषणा भइ सक्दा पनि यत्र तत्र सडक तथा सार्वजनिक



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

स्थानमा दिशा पिसाब गर्ने अभ्यास [illegible] भएको छैन । चालू आ व मा यसलाइ कडाइका साथ लागु गरिनेछ । सार्वजनिक कार्यालयहरु स्वास्थय संस्था तथा विद्यालयहरुमा अनिवार्य रुपमा शौचालयको निर्माण तथा ब्यवस्थापन गरिनेछ । पोखरी तथा तलाउ एवं नदी नालाको घाटको सरसफाइ एवं सौन्दर्यीकरण गरिनेछ । सामाजिक तथा वातावरणिय स्वक्षतालाइ प्राथमिकतामा राखी बजेटको निर्माण भएको छ ।

(२) संचारको आधुनिक सुविधाबाट जनताले फाइदा लिन सकुन भन्ने उदेश्यले बलरा नगरपालिकाका महत्वपुर्ण क्षेत्रहरुमा FREE WIFI सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

(३) नगरपालिका क्षेत्र भित्र नेपाल सरकारको मापदण्ड बमोजिम स्वास्थय चौकी तथा अस्पतालको भवन जम्मा ६ वटा रहेकोमा बाँकी ०५ वटा भवनको निर्माणको लागि जग्गा उपलब्ध गराइ त्यसमा स्वास्थय तथा जनसंख्या मन्त्रालय संग समन्वय गरी भवन निर्माण कार्यक्रम सम्पन्न गरिने छ । साथै सबै अस्पताल र स्वास्थय चौकी भवनहरुमा २४ घन्टे विद्युत आपुर्तिको ब्यवस्था गरिने छ ।

(४) नगरभित्र एउटा एकिकृत दलित बस्ती निर्माण गरिनेछ ।र

(५) विधुत प्राधिकरण, दुर संचार र केबल नेटवर्कले जथाभावि तार र पोलहरुको कारण नगरको सुन्दरतामा कमि आएको छ। दृष्य प्रदुषणलाई कम गरि सुन्दर नगर बनाउन नगरको जतातते छरपष्ट रुपमा तार र पोलहरुलाई भुमिगत गर्न सम्बन्धित निकायसंग समन्वय गरि सो कार्यलाई अगाडि बढाइने छ ।

(६) नगर क्षेत्रभित्रमा वृध्दाश्रम भवन तथा खेल मैदान एवं पार्कको निर्माण गरिनेछ

(७) बलरा नगरपालिकाको नया बनेको प्रशासनिक भवनमा आधुनिक सभाहलको आवश्यकता महसुस गरि निर्माण कार्य अगाडि बढाइने छ ।

(८) नगर क्षेत्रभित्र एउटा खेलकुद मैदान/कभर्ड हल समेत निर्माण गरिनेछ ।

(९) बलरा नगरपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण गर्ने प्राथमिकता दिइनेछ ।

(१०) नगरभित्र रहेका पराल वा खरको छाना भएका घरहरुलाई जस्तापाता वा पक्की घर निर्माण गर्न पहल गरिने छ ।

(११) प्रत्येक वडामा ओभरहेड ट्याङ्की निर्माण गर्न पहल गरिने छ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(१२) जल नल कार्यक्रम अन्तर्गत एक[illegible]दुइ नलको ब्यवस्था गरिनेछ ।

(१३) नगरका विकास कार्यहरुलाई योजनाबध्द रुपमा लैजान आवधिक नगर विकास योजना, नगर यातायात गुरुयोजना र नगर मार्गचित्र तयार गरिनेछ।

(१४) नगर क्षेत्रभित्र मुख्य मुख्य सडक कालोपत्रे नाला, फुटपाथ निर्माण कार्य गर्दै लगिनेछ र टोलटोलमा रहेका सडकहरु ढलान तथा माटो/ग्रेभल गरिनेछ । र विभिन्न सडकहरु मरम्मत गरि ग्रेभेल गरिनेछ ।

(१५) नगरपालिका भित्र रहेका विधालयहरुमा २ कोठे/ ४ कोठे भवन निर्माण गरिनेछ साथै विधालयहरुमा रहेका भवनहरु मरम्मत/कम्पाउण्ड वाल/शौचालय/खानेपानी निर्माण गरिनेछ ।

(१६) नगरपालिकाभित्र रहेका विभिन्न सडकहरुमा आवश्यकता अनुसार ठाउँ ठाउँमा पुल/कलभर्ट निर्माण गरिनेछ ।

**खेलकुद :-**

(१) खेलकुद विकासको निम्ति बलरा नगरपालिकाले भलिबल, फुटबल, क्रिकेट लगायत अन्य खेलकुद प्रशिक्षणहरुलाई पुर्णकालिन बनाई नगरपालिकाले विधालयहरुमा प्रशिक्षकको व्यवस्था मिलाइनेछ ।

(२) विभिन्न उमेर समुहका नगरबासिलाइ स्वस्थ राख्न नगरका विभीन्न स्थानहरुमा शारीरिक व्यायम स्थलको व्यवस्था गरिने छ ।

(३) बलरा नगरपालिकाका नगर स्तरिय खेलाडीहरुलाई प्रोत्साहन गर्न बलरा नगरपालिका भित्रका खेलाडीहरु विच मेयर कप र उप-मेयर कप क्रिकेट टुर्नामेन्ट आयोजना गरिने छ ।

**बजार अनुगमन :-**

(१) विभिन्न ठाउँमा सञ्चालित रक्सी पसललाई कानुनको दायरामा ल्याउन अनिवार्य दर्ताको पहल गरिनेछ । मदिराजन्य उद्येगको दर्ता महसूलमा शत प्रतिशतले बृद्धी गरेको छ ।

(२) बजारमा बेचिएका उपभोग्य वस्तुहरुबाट उप-भोक्ताहरु ठगिन नपाउन भन्ने उदेश्यले नगरपालिकाले अनुगमन टोलि गठन गरि बजार अनुगमनलाई निरन्तरता दिइने छ । उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गरि खानेपानी, पसल,



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

मिठाई पसल, अन्य वस्तु बेच्ने पसलहरुले मिसावट भएको, म्याद कटेको, मुल्य सुचि उल्लेख नभएको जस्ता वस्तुहरु वेचविखन गरेको पाईएमा त्यस्ता व्यापारीहरुलाई कानुन बमोजिम दण्ड सजायको निति ल्याइनेछ । उद्योग तथा व्यापार दर्ता गर्ने कार्यलाइ सरल तथा सहज बनाइनेछ ।

(३) नगर भित्र संचालित घरेलु तथा साना उधोगहरुलाइ नगरपालिकामा दर्ताको लागि वातावरण तयार गरि ती उधोगहरुलाइ कर तिर्ने वातावरण मिलाइने छ । त्यसका लागि सम्बन्धित करदाताहरुसंग आवश्यक समन्वय गरिनेछ । आधुनिक प्रविधीको प्रयोग गरी विभिन्न उधोगहरुबाट उत्पादित प्रदुषणलाई कम गर्न सम्बन्धित पक्षसंग सहकार्य गरि अधि बढ्ने निति ल्याईनेछ ।

**कृषि तथा सिंचाई :-**

(१) नगरपालिका भित्रका खेती योग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाईको व्यवस्था गरि कृषि उत्पादन बढाईनेछ । पशुपालन तथा कृषि कार्यक्रमका लागि दीर्घकालीन योजना तयारी गरि कृषि सडक तथा स्थानीय स्तरका सिंचाई प्रणालीको निर्माण गरिनेछ ।

(२) कृषकहरुलाइ समयमा मल बिउ र रैथाने बिउको संरक्षण गरि उन्नत जातको उब्जनीलाई विकास गर्ने कार्यलाई जोड दिइनेछ ।

(३) कृषियोग्य भुमि कम हुदै गइरहेको हुदा कम जग्गामा बढी उत्पादनको लागि कृषकहरुलाई विभीन्न तालिमहरुको व्यवस्था मिलाईने छ ।

(४) किसानहरुको हितको लागि विउ वितरण, माटो परीक्षण प्रशिक्षण, कम्पोष्टमल उत्पादन र वितरण व्यवस्था मिलाईने छ ।

(५) किसानहरुबाट उत्पादित मौसम अनुसार तरकारी व्यवस्थित गर्ने उपयुक्त निति निर्माण गरिने छ । उपभोक्ता र उत्पादक किसान दुबैको लागि फाइदा हुने भएकाले यो बर्ष उपयुक्त ठाउमा तरकारि बजारको व्यवस्था गरिने छ। खाद्यान्न, तरकारी र फलफुल भण्डारण गरि किसानहरुलाई सुविधा दिइने छ ।

(६) नगरभित्र रहेका वडा नं. १० सुदामा मा अवस्थित सुदामा सिंचाई (बैरेज) लाई व्यवस्थित बनाई कृषकहरुको खेत खेतमा सिंचाईको व्यवस्था गरिनेछ।

(७) कृषि विधुतीयकरण गरि कृषि मिटर लिने कृषकहरुलाई लाग्ने बिद्युत महशूलमा १०० प्रतिशत महशुलमा सहुलियत अनुदान दिइनेछ साथै विधुतीयकरण बन्चित खेतीयोग्य ठाउँमा सोलार जडान गरिनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(८) कृषी विद्युतीकरणलाइ प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ ।

(९) कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र उत्पादन मूलक बनाउन विपन्न समुहको साना कृषक समुह गठन गरी जग्गाको चकलाबन्दी गरी सामूहिक खेती प्रणालीलाई नमूना वा परीक्षणको रुपमा कृषिलाई उत्पादनसंग जोड्ने निती ल्याइनेछ ।

(१०) कृषि बजारमा कोल्ड स्टोर निर्माण गरि खरिद बिक्री तथा आयात निर्यात लाइ पराथमिकता दिइनेछ

(११)कृषकहरुलाई वर्षको एक पटक कृषि विकास बारेमा अध्ययन अवलोकन भ्रमण गराईने छ ।साथै नगरपालिका पदाधिकारि र सदसयहरुलाइ अवलेकन गराइनेछ ।

(१२) नगरवासी दाजुभाइ तथा दिदिबहिनिहरुमा नागरिक भावनाको विकास गर्न विभिन्न कार्यहरु अगाडि बढाउनुका साथै सबै बडाहरुमा घर घरबाटै कुहिने र नाश नहुने फोहोर अलग संकलन गरि कम्पोष्ट मल बनाइ र वेच्ने गरि फोहोरलाई आम्दानिको बाटो बनाउने परयास गरिने छ ।

(१३) विष रहित अन्न उब्जनीमा जोड दिन कार्यको लागि कृषकहरुलाई तालिम दिईने छ ।

(१४) कृषी कार्डको माध्यमबाट सहिलयत दरमा मल खाद बिउ बिजन र कृषी उपकरणहरु उपलब्ध गराइनेछ ।

(१५) हाम्रो प्रयासमा यस वर्ष सुदामा सिंचाईलाई लगभग ५ करोडको बजेट प्राप्त भएकोछ । सिंचाइको पूर्वाधारको रुपमा आधुनिक नहरको निर्माण गरी संचालनमा लयाइनेछ ।

उर्जाः

१ नगरपालिकाका प्रत्येक वडाका प्रत्येक टोलहरुलाइ उज्यालोमा रुपान्तरण गरिनेछ

२ विद्युत टरान्र्सफर्मरहरु थप गरी विद्युत क्षमता अभिबृद्धी गरिनेछ

३ बिद्युत नपुगेको ठाउँमा पोल तारको ब्यवस्था गरी बिद्युतीकरण गरिनेछ ।

४ सोलर बत्तीको जडान गरी विद्युत को बैकल्पिक माध्यमलाइ प्रोत्साहन गरिनेछ ।

५ यस बर्ष नगरपालिका भरी उज्यालो नगर अभियान संचालनमा ल्याइनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

६ इ भी गाडीको चार्जिंगको लागि चार्जिङ स्टेसन स्थापना गरी संचालनमा ल्याइनेछ ।

७ नगरपालिका कार्यालयको लागि छुट्टै टरान्सफर्मरको ब्यवस्था मिलाइनेछ ।

<u>सेवा प्रवाह तथा सुशासन</u> :-

(१) बलरा नगरपालिकालाई सुरक्षित बनाउन बलरा नगरपालिका भित्र संचालित विभिन्न संघ, संस्था, बैंकहरु, नागरिकसंग सहकार्य गरी आवश्यक पर्ने ठाउमा CCTV क्यामरा जडान गर्ने व्यवस्था मिलाइने छ ।

(२) नागरिकले सार्वजनिक सेवा प्राप्त गर्ने क्रममा नागरिकलाई सुचना दिने र सो सेवालाई प्रभावकारी रुपले संचालन गर्न विभिन्न संयन्त्रहरु अवलम्वन गरी भ्रष्टाचारमा शुन्य सहनशिलताको निती ल्याई सार्वजनिक सेवालाई गुणस्तरीय, पारदर्शी, जवाफदेही र उत्तरदायित्व बनाउने निती ल्याईनेछ ।

(३) सहकारी संस्थाहरुलाई व्यवस्थित गर्न अनुगमन तथा नियमनको व्यवस्था मिलाइने छ ।

(४) व्यवस्थित शहर निर्माणको लागि भवन मापदण्डलाइ कडाइका साथ लागु गरिने छ । आवश्यकता अनुसार भवन निर्माण परिमार्जन गरिने छ । सार्वजनिक जग्गा, पोखरी, सम्पदा, नदि किनाराको संरक्षण गरिने छ ।

(५) जनसंख्या बृध्दिलाई ध्यानमा राखी व्यवस्थित आवास योजनाको व्यवस्था गरिनेछ ।

(६) नगरपालिकामा हुने हरेक काम चुस्त दुरुस्त बनाउन प्रशासनिक सुधार गरिने छ ।

(७) कर्मचारीहरुको मनोबल बढाउन निश्चित समय काम गरिसकेका योग्य र इमान्दार कर्मचारीहरुलाइ प्रकृया मिलाई वढुवा गर्ने र आवश्यक प्रोत्साहन भत्ता सुविधाको व्यवस्था गरिने छ ।

(८) नगर अस्पतालमा मेडीकल अफिसरको सेवा सुनिस्चिततताको लागि मेडिकल अफिसरले पाउने तलब भत्तामा शत प्रतिशत नगरपालिका श्रोतबाट थप भत्ताको ब्यवस्था गरिने छ र प्रदेश एवं नगरपालिका द्वारा संयुक्त रुपमा संचालित अस्पताल ल्याबमा काम गर्ने कर्मचारीलाइ जोखीम भत्ता थप गरी अझ सेवामुखी बनाइने छ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(९) नगर अस्पतालमा एकस रे मेसिनको सेवा सुबिधा थप गरिने छ । र भर्ना भएका बिरामीहरुको लागि मोनीटर जडान गरिने छ ।

(१०) स्वास्थ संस्थाबाट निःशुल्क रुपमा बितरण गरिने औषधि तथा सर्जिकल सामाग्रीहरुको नियमित आपुर्तिलाइ सुनिस्चितता गरिने छ ।

(११) ज्येष्ठ नागरिकहरुलाइ सम्मान तथा सेवा सूबिधा उपलब्ध गराउनको लार्गि ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराइने छ ।

**कार्यालय सञ्चालन तथा प्रशासकिय:**

(१) कर्मचारीहरुको बृत्ती विकास निम्ति समय समयमा आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ । कर्मचारीहरुको कार्यका मूल्याङ्कन गरि उत्कृष्ट कर्मचारिलाइ पुरुस्कारको व्यवस्था गरिने छ र काम नगर्ने कर्मचारीहरुलाई सजायको भागिदार बनाइनेछ ।

(२) बलरा नगरपालिका मा विभीन्न क्षेत्रमा क्रियासिल गैर सरकारी संस्था र अन्तर्राष्टिय गैर सरकारी संस्थाहरुलाई पारदर्शि बनाउन निति ल्याईनेछ । नगर भित्र काम गर्न चाहने कुनै पनि गैर सरकारी संस्थाले आ-आफ्नो वार्षिक बजेट र कार्यक्रम प्रस्तुत गरी नगरपालिकाको स्वीकृति लिन अनिवार्य गरिने छ र स्वीकृतिविना काम गरेको पाईएमा कानुन बमोजिम कडा सजाय गर्ने निति आवश्यक प्रक्रिया पूरागरी कानूनी दायरामा ल्याइने छ ।

**पर्यटन :**

(१) बलरा नगरपालिकाको कला-संस्कृतिको संरक्षण गर्दै पर्यटकिय गन्तब्य स्थलको रुपमा विकास गर्दै लगिने छ। यस बर्ष बलरा घुम्न आउने पर्यटकहरुको संख्यामा उल्लेख्य बृध्दि गर्न पर्यटन केन्द्रित गतिविधीहरुलाई जोड दिइने छ ।

(२) नगरभित्र रहेका मठ मन्दिरलाई सुचीकृत गरी त्यस ठाउँलाई पर्यटक स्थल बनाईनेछ ।

**वन तथा वातावरण :**

(१) नगर क्षेत्रमा वातावरणीय सुधार र सफाइमा निरन्तरता दिइनेछ । नगर क्षेत्रभित्रका सडक पेटि र खुल्ला स्थानमा वृक्षारोपण गरी हरियालि व्यवस्थापन समेत गरिनेछ। त्यसका लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

(२) नगर क्षेत्रभित्र हरितपार्क निर्माण गरिनेछ।

बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

**युवा, महिला तथा बालबालिका हरुलाई लक्षित कार्यक्रम :-**

(१) बाल विवाह तथा बाल श्रम मूक्त वडा घोषणा कार्यक्रम संचालन गरिनेछ ।

(२) लागु पदार्थ दुर्बयसन रोकथाम कार्यक्रम एवं बाल क्लब संजालको क्षमता अभिबृद्धी तथा सामाग्री सहयोय कार्यकंमलाइ संचालनमा ल्याइनेछ ।

(३) बालकोषको स्थापना र संचालन तथा बालबालिकाहरुको लागि जनचेतनामुलक कार्यकंम तथा अनलाइन साइबर सूरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिने छ ।

(४) विदेशी भाषा, काठ र माटोको कला, सिलाई, बुनाइ, खाध परिकार, कपाल कटाइ, सिकर्मि, आदि लगाएतका रोजगारिमुलक तालिमहरु संचालन गरिने छन । साउण्ड सिस्टम, कम्प्युटर, मोवाइल, टिभि आदि मर्मतको तालिम तथा काठका स-सना उपहारका सामानहरु निर्माणको तालिम दिइने छ । यसले युवा तथा महिलाहरु लाभानवीत हुनेछ ।

(५) सबै ११ वटा वडामा लैगिक हिसा सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

(६) बाल दिवसको अवसरमा बालबालिका क्षमता विकास गर्न बिभिनन प्रतियोगिता संचालन गरिने छ ।

(७) महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसंग चेतनामुलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गरिनेछ । संचार माध्यम सितको सहकार्यमा लैंगिक क्षमता सम्बन्धि जनचेतना अभिवृध्दी गर्न पोष्टर, होडिङ्ग बोर्ड राख्ने जस्ता कार्य गरिनेछ । महिला माथी हुने हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गरिनेछ । किशोरीको बहुआयामिक विकास, लैंगिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्ध्दन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ।

(८) पूर्ण अपाङ्ग तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई व्हील चेयर प्रदान गरिनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner

(९) गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपांगता भएका महिला, वञ्चितमा परेका सबै समुदायका महिलाहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरि आर्थिक सामाजिक विकासका कार्य संचालन गरिने छ ।

(१०) महिलालाई व्यवसाय संचालन तथा आयमुलक कार्य गरि स्वरोजगार तथा उधमशीलता विकास गर्न सहुलियत पुर्ण ऋण तथा अनुदान विशेष कार्य संचालन गरिने छ ।

(११) बालविवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निरोधात्मक दण्डनीय निति अवलम्बन गरिने छ । साथै

<u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u> :-

(१) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरबासीलाई रोजगारिको अवसर दिइनेछ र बेरोजगार व्यतिलाइ रोजगार प्रणालिमा सुचिकृत गरिने छ ।

(२) प्रधानमन्त्री स्वरोजगार वर्ष भरीमा १०० दिनको पनि रोजगार नपाएका नागरिकहरुलाई नगरपालिकाबाट सुचना प्रकाशित गरी रोजगार केन्द्रमा आवध्दता भई विकास आयोजनासंग सम्बन्धित श्रम गरेवापत १०० दिन बराबरको पारिश्रमिक श्रमिकको बैक खातामा उपलब्ध गरिने छ ।

<u>विपद व्यवस्थापन</u> :

१ नगर क्षेत्रभित्र देखिने विपद पूर्व तयारी गरी बिपदलाइ न्यूनीकरण समबनधी रणनीति तय गरिनेछ ।ट

२ बागमती नदीको बाढीबाट प्रत्येक वर्ष हुने जन धनको क्षातिलाइ सघीय सरकार प्रदेश सरकार तथा स्वयं नगरपालिकाबाट समेत तयारी गरिएको छ ।

३ बिपतबाट बचाउन तथा आवश्यक सहयोग गर्न नगरपालिका सदैव तत्पर रहेकोछ

<u>न्यायीक समिति</u> :-

(१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सु-व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायीक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

(२) विवाद समाधानका वैकल्पिक उपा[illegible]मेलमिलाप सम्बन्धि विधमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाईनेछ । नयाँ कानुन कार्यविधि मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ । **स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।**

(३) नगरपालिकाको कानुनी सल्लाहकार नियुक्त गरी कानुनको निर्माणमा जोड दिईनेछ ।

(४) न्यायीक समितिलाई झन प्रभावकारी बनाउन सामुदायिक मेलमिलाप केन्द्र सञ्चालन र विभिन्न पूर्व न्यायधिस र वहालवाला न्यायधिसहरु मार्फत तालिम सञ्चालन गरिनेछ ।

(५) बलरा नपाका सबै कायालयहरुमा नागरिक वडापत्र राखिनेछ ।

(६) शहिद परिवारलाइ समान गरिनेछ ।

(७) सडक अतिकरमणलाइ हटाइनेछ ।

**राजस्व संकलन तथा परिचालन सम्बन्धि निति**

१ राजस्व परामर्स समितिको सिफारिसमा पेश भएका कर, शेवा शुल्क, दस्तुरको दर रेटलाइ आधारमानि आन्तरिक आय संकलन कार्यलाइ निरन्तरता दिइनेछ ।

२ मदीरा जन्य एव सुर्तीजन्य उद्योग ब्यापारको दर्ता तथा महशूलमा ५० प्रतिशत बृद्धी गरेको छ

३ नगरपालिकामा सूचि दर्ता गर्ने फर्महरुले फर्म दर्ता गर्दा लाग्ने शुल्कलाई खारेजी गरको छ

४ पालिक भित्र उद्योग बय्वसायकर्तालाइ प्रोतसाहन गर्ने खाद्य बस्तु तथा दैनिक उपभोग्य सामानहरुको उद्योग स्थापना तथा ब्यवसाय दर्तामा ५० प्रतिशत शुल्क घटाएको छ ।

५ असल करदाता र असल कर संकलनकर्तालाइ सम्मान गर्ने निति अवलम्बन गरिनेछ

६ राजस्व तथा करको परिमारजित सूची अनुसुचिमा उल्लेख गरिएकोछ

**अन्त्यमा,**

बलरा नगरपालिकाको आन्तरिक आय, संघिय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र निशर्त अनुदान सहयोग समेतको आधारमा आ.व. २०८२।८३ को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

गुणस्तरिय आर्थिक, सामाजिक, पूर्वाधार विकासको माधयमबाट समृध्द बलरा निर्माण गर्ने नगरपालिकाको लक्ष्यलाई निति तथा कार्यक्रम मार्फत समेट्ने प्रयास गरिएको छ । प्रस्तुत निति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानि सोहि अनुरुप बजेट विनियोजन गर्ने यथासम्भव प्रयास गरिएको छ । समृध्द बलरा निर्माण गर्ने हाम्रो अभीयानमा प्रस्तुत निति तथा कार्यक्रमहरु महत्वपुर्ण मार्गदर्शक सिध्दान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएका छौ ।

प्रस्तावित निति तथा कार्यक्रमहरु तय गर्दा संघिय सरकार, प्रदेश सरकारको निति, बलरा नगरपालिकाको अहिलेको अवस्था र आवश्यकता, पालिकाभित्रका विभीन्न राजनितिक दलका प्रतिनिधीहरु, विभिन्न सामाजिक संघसस्था, नागरिक समाज लगायत आम जनसमुदायबाट उपलब्ध अमुल्य सुझाव सल्लाहहरुलाई यथासम्भव समेट्ने प्रयास गरिएको छ । संमृध्द बलरा निर्माण गर्ने अभीयानमा अमुल्य सुझाव सल्लाह प्रदान गर्नुहुने, राजनितिक दलका प्रतिनिधिहरु, सामाजिक अगुवाहरु, नागरिक समाज लगाएत सम्पुर्ण बलरा बासिलाई विशेष धन्यवाद एंव आभार प्रकट गर्दै नगरपालिकाको वृहत हितका लागि यहाहरुको साथ, सहयोग र सहकार्य निरन्तर रहि रहने अपेक्षा समेत गर्दछु ।

<u>सभाका सदस्यज्यूहरु,</u>

अब म आ.व. २०८२ । ८३ को अनुमानित आय तथा ब्ययको बिबरण प्रस्तुत गर्न चाहन्छु आ.व.२०८२ । ०८३ को लागि अनुमानित आय अन्तर्गत संघीय सरकारबाट बित्तिय समानीकरण अनुदान अन्तर्गत १२ करोड ४२ लाख, ससर्त अनुदान अन्तर्गत २९ करोड १२ लाख तथा राजस्व बाँडफाडबाट प्राप्त हुने रकम १० करोड ९१ लाख २३ हजार सात सय अठासी, संघीय सरकारको सम्पुरक अनुदान ९७ लाख , संघीय सरकारको विशेष अनुदान रु. ८५ लाखगरी कुल संघीय सरकारबाट बाट प्राप्त हुने रकम ५४ करोड २७ लाख २३ हजार ७८८ अनुमान गरिएकोछ । साथै सामाजिक सूरक्षा भत्ताको लागी सघीय सरररकारबाट रु १८ करोड प्राप्त हुनेछ । यसरी संघीय सरकारबाट जम्मा रु ७२ करोड २७ लाख २३ हजार ७ सय अठासी प्राप्त हुने आशा गरिएको छ । यसरी नै प्रदेश सरकारबाट प्राप्त हुने आयमा बित्तिय समानीकरण शिर्षकमा ८७ लाख ४९ हजार, ससर्त अनुदान अन्तर्गत ९५ लाख विशेष अनुदान अन्तर्गत ३० लाख तथा सम्पुरक अनुदान अन्तर्गत २० लाख र राजस्व बाँडफाडमा ९० लाख १२ हजार ८ सय असी गरी जम्मा रु ३ करोड २२ लाख ६१ हजार ८८० प्रदेश सरकारबाट अनुदान प्राप्त हुने अनुमान गरिएकोछ । यसरी आन्तरिक



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Scanned with CamScanner

श्रोतबाट समेत ६५ लाख उपलब्ध हुने अनुमान गरिएकोछ । मालपोत जग्गा रजिष्टरेसन बापत उठेको कर ७५ लाख प्रास हुने अनुमान छ । आ.व.२०८१ । ०८२ बाट खर्च हुन नसकेका बांकी रकम रु. ० समेत गरी संघीय सरकार तथा प्रदेश सरकार र आन्तरिक श्रोत बाट प्रास हुने कुल आयमा ७६ करोड ८९ लाख ८५ हजार ६६८ रुपैयाको बिनियोजित बजेट पेश गरेकोछु । संघीय सरकार तथा प्रदेश सरकारबाट प्रास हुने ससर्त अनुदानको कार्यक्रम निर्धारित कार्यक्रम एवं बजेट बमोजिम र बांकी बजेटको बिनियोजन यस नगरसभामा प्रस्तुत गरिए बमोजिम हुने भनि बजेट बिनियोजन गरिएको ब्योहोरा अनुरोध गर्न चाहन्छु । बिनियोजित बजेटको शिर्षक तथा रकमको बिबरण यसै साथ संलग्न गरिएकोछ । साथै बिभिन्न शिर्षकको कर तथा शुल्कको निर्धारण गरिएकोछ जुन यस नीति, कार्यक्रम तथा बजेटको एक भागको रुपमा रहेकोछ ।

| श्रोत | संघीय सरकार बाट प्रास | प्रदेश सरकारबाट प्रास | जम्मा |
|---|---|---|---|
| समानिकरण अनुदान | १२ करोड ४२ लाख | ८७४९००० | १३२९४९००० |
| सशर्त अनुदान चालू | २३ करोड ७६ लाख | ९५००००० | २४७१००००० |
| सशर्त अनुदान पूँजीगत | ५ करोड ३६ लाख | ० | ५३६००००० |
| विशेष अनुदान पुँजीगत | ८५ लाख | ३०००००० | ११५००००० |
| समपुरक अनुदान पुँजीगत | ९७ लाख | २०००००० | ११७००००० |
| राजस्व बाँडफाड | १०करोड ९१ लाख २३ हजार ७ सय ८८ | ९०,१२,८८० | ११८१३६६६८ |
| सामाजिक सूरक्षा भत्ता | १८ करोड | ० | १८००००००० |
| जम्मा | ७२२७२३७८८ | ३२२६१८८० | ७५४९८५६६८ |
| आन्तरिक श्रोत | ६५ लाख | ० | ६५००००० |
| मालपोतबाट प्रास | ७५००००० | ० | ७५००००० |
| कूल जम्मा | ७३६७२३७८८ | ३२२६१८८० | ७६८९८५६६८ |

यस बलरा नगरवासीका आवश्यकता र चाहनालाई पुरा गर्नका लागि सबै वडा कार्यालयहरुबाट पेश भएका बढी भन्दा बढी योजनाहरुलाई सके सम्म बजेटमा समावेश गर्न प्रयास गरेकोछु, साथै समेटन नसकिएका योजनाहरुलाई योजना बैंकको रुपमा राखि त्यस्ता योजनाहरुको



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

सञ्चालनका लागि लाग्ने आवश्यक [illegible] व्यवस्थका लागि प्रदेश सरकार र संघीय सरकारमा माग गरिनेछ ।

बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ । सोही अनुसार प्रत्येक वडा समितिबाट प्राथमिकताका आधारमा निर्विकल्प रुपमा छनौट भई आएका योजनाहरु समावेस गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि वित्तिय परिचालन र खर्च अनुमान गर्दा वित्त सन्तुलन कायम गर्ने उद्देश्य लिई सो अनुरुप कार्यक्रमहरु तर्जुमा गरी वडा तथा, नगरपालिका स्तरमा यसै साथ संलग्न कार्यक्रम र सो को लागी बिनियोजित बजेट सहितको अनुसूचीहरु बमोजिम विभिन्न शिर्षक र क्षेत्र अनुसार रकम विनियोजन गरेको छु ।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आफ्नो अमुल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने सबै समिति तथा नगरसभा सदस्यहरु, बिभिन्न राजनीतिक दलका नेता एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, पत्रकार ज्यूहरु, सुरक्षा निकाय एवं सरकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, आम नगरबासी र नगरसभा तयारीको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका नगरपालिकाका सवै कर्मचारीहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

२०८०/०३/०६

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



Scanned with CamScanner